सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily


राष्ट्रिय दैनिक

♦ वर्ष १० ♦ अंक ३५ ♦ २०८३ साल मंसीर ३ विहिवार ♦ 19 Nov 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्किनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

किर्ते गरी गाउँसभा गरेको आरोपमा गाउँपालिका अध्यक्ष पक्राउ



खबर दर्पण समाचारदाता

मंसीर २ गते, बर्दिवास

सर्लाहीको बसबरिया गाउँपालिकाका अध्यक्ष रामसिंहासन यादव पक्राउ पर्नुभएको छ ।

गाउँसभा सम्पन्न गरेको माइन्यूटमा किर्ते हस्ताक्षर गरेको आरोपमा अध्यक्ष यादवलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवम् डिएसपी वेदप्रसाद गौतमले गोरखापत्र अनलाइनसँग बताउनुभयो । उहाँले भन्नुभयो, "किर्तेको उजुरीपछि अध्यक्ष ज्यूलाई पक्राउ गरेका हौं । जिल्लामा ल्याएर यसबारेमा उहाँसँग थप सोधखोज गर्दै छौं ।"

डिएसपी गौतमका अनुसार गाउँपालिका अध्यक्ष यादवलाई मङ्गलबार साँझ बसबरियाबाटै पक्राउ गरिएको हो । बसबरियामा गाउँसभाबाट बजेट पारित गर्ने विषयमा लामो समयदेखि विवाद चल्दै आएको छ ।

गाउँपालिका अध्यक्ष यादवले भने सर्वसम्मत रुपमा बजेट पारित गरिएको बताउँदै आउनुभएको थियो ।

दुई पूर्वश्रममन्त्रीसहित ६ जना पक्राउ, १ अर्ब ६६ करोड ठगीको आरोप

खबर दर्पण समाचारदाता

मंसीर २ गते, बर्दिवास





मलेसिया जाने नेपाली श्रमिकको स्वास्थ्य परीक्षणका नाममा गैर कानुनी रूपमा संकलन गरिएको एक अर्ब ६६ करोड रुपैयाँभन्दा बढी रकम अपचलन गरेको आरोपमा दुई पूर्वश्रममन्त्रीसहित ६ जना पक्राउ परेका छन्।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रीद्वय शेरबहादुर कुँवर र रामेश्वर राय यादवसहित मन्त्रालयका चार उच्च अधिकारीलाई पक्राउ गरेको हो।

सीआईबीको प्रेस विज्ञप्तिअनुसार पक्राउ पर्नेमा तत्कालीन श्रम सचिव विनोद केसी, सहसचिवद्वय उमेश ढुंगाना र राजीव पोखरेल तथा उपसचिव निर्मला गुरुङ छन्।

सीआईबीले ठगी तथा संगठित अपराधसम्बन्धी कसुरमा अनुसन्धानका लागि काठमाडौं जिल्ला अदालतबाट २०८३ मंसिर २ गते पक्राउ पुर्जी जारी गर्ने अनुमति लिएर उनीहरूलाई काठमाडौं, ललितपुर र सर्लाहीका विभिन्न स्थानबाट पक्राउ गरेको जनाएको छ।

सीआईबीका अनुसार नेपाल र मलेसिया सरकारबीच भएको समझदारीपत्र (एमओयू) विपरीत श्रमिकबाट गैरकानुनी रूपमा रकम संकलन गरी विदेश पठाउने कार्यमा उनीहरूको संलग्नता देखिएको छ।

प्रेस विज्ञप्तिमा उल्लेख भएअनुसार गैरकानुनी रूपमा संकलन गरिएको रकममध्ये अमेरिकी डलर ६३ लाख ७० हजार ३८२ र बेलायती पाउन्ड ३७ लाख ६७ हजार १८० गरी कुल १ अर्ब ६६ करोड २ लाख २४ हजार २९ रुपैयाँ ७६ पैसा विदेश पठाइएको थियो।

सीआईबीले उक्त रकम विदेश पठाउने निर्णय गर्दा कानुनी प्रक्रिया र अधिकार क्षेत्र मिचिएको आरोप लगाएको छ। संगठित समूहको लाभका लागि श्रमिकमाथि ठगी भइरहेको थाहा हुँदाहुँदै पनि पदीय जिम्मेवारी पूरा नगरेको र गैरकानुनी रूपमा संकलित रकम मलेसिया पठाउने निर्णय प्रक्रियामा संलग्न रहेको आरोप उनीहरूमाथि छ।

यसअघि सीआईबीले मलेसिया जाने श्रमिकको स्वास्थ्य परीक्षणका क्रममा सरकारले तोकेको शुल्कभन्दा बढी रकम असुलेको आरोपमा चार जना व्यवसायीलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो। अनुसन्धानका क्रममा प्रारम्भिक रूपमा ७ लाख ५० हजारभन्दा बढी श्रमिकबाट अतिरिक्त रकम असुलिएको र करिब १ अर्ब ६९ करोड रुपैयाँ विदेश पठाइएको विवरण सार्वजनिक भएको थियो। सीआईबीले यस प्रकरणमा ठगी तथा संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गत अनुसन्धान गरिरहेको जनाएको छ।

धनुषामा कार्तिक महिनामा १३५ प्रतिवादी पक्राउ, ४१ पेण्डिङ मुद्दा फछ्यौंट

खबर दर्पण समाचारदाता

मंसीर २ गते, बर्दिवास

जिल्ला प्रहरी कार्यालय धनुषाले गत कार्तिक महिनामा अपराध नियन्त्रण, अनुसन्धान, शान्तिसुरक्षा व्यवस्थापन तथा सामाजिक विकृति न्यूनीकरणका क्षेत्रमा विभिन्न गतिविधि सञ्चालन गरेको छ ।

एक महिनाको प्रगति विवरण सार्वजनिक गर्दै प्रहरीले चालु मुद्दाका १३५ जना प्रतिवादी पक्राउ गरेको, ४१ वटा पेण्डिङ मुद्दा फछ्यौंट गरेको र फैसला कार्यान्वयनअन्तर्गत २८ लाख ९६ हजार ८६३ रुपैयाँ जरिवाना असुल गरेको जनाएको छ ।

अपराध अनुसन्धान विभागको ७१औं स्थापना दिवसको अवसर पारेर जिल्ला प्रहरी कार्यालय धनुषाले मंसिर २ गते सार्वजनिक गरेको कार्तिक महिनाको प्रगति विवरणअनुसार अपराध अनुसन्धानदेखि लागूऔषध नियन्त्रण, घरेलु हिंसा, महिला तथा बालबालिकासम्बन्धी अपराध, ट्राफिक व्यवस्थापन र नागरिक सेवासम्मका क्षेत्रमा प्रहरी सक्रिय रहेको देखिएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार जिल्लामा शान्तिसुरक्षा कायम राख्ने, अपराध हुन नदिने र अपराधमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याउने उद्देश्यले नियमित गस्ती, चेकजाँच, विशेष निगरानी तथा जनचेतनामूलक कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ ।

१३५ प्रतिवादी पक्राउ, ४१ पेण्डिङ मुद्दा फछ्यौंट

प्रहरीको तथ्यांकअनुसार कार्तिक महिनामा चालु मुद्दाका १३५ जना प्रतिवादी पक्राउ परेका छन् । यस अवधिमा अघिल्ला समयदेखि अनुसन्धानका क्रममा रहेका पेण्डिङ मुद्दामध्ये ४१ वटा फछ्यौंट गरिएको छ भने ४५ वटा मुद्दा फछ्यौंट गर्न बाँकी रहेको विवरणमा उल्लेख छ ।

त्यस्तै, फैसला कार्यान्वयनतर्फ ६८ जना पक्राउ परेका छन् । उनीहरूबाट १२ वर्ष ८० महिना २२० दिन कैद तथा २८ लाख ९६ हजार ८६३ रुपैयाँ जरिवाना असुल गर्नुपर्ने फैसला कार्यान्वयन गरिएको प्रहरीले जनाएको छ ।

आर्थिक अपराध तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानका क्रममा हुण्डीसम्बन्धी एउटा मुद्दा दर्ता भएको छ । बैंकिङ कसुर , मुद्रा सम्बन्धी अपराध तथा अन्य आर्थिक अपराध नियन्त्रणमा समेत अनुसन्धान अघि बढाइएको प्रहरीको विवरणमा उल्लेख छ ।

प्रहरी नायब उपरीक्षक खनालले अपराधमा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउने र पुराना मुद्दाको अनुसन्धानलाई तीव्रता दिने कार्यलाई निरन्तरता दिइएको बताए ।

महिला तथा बालबालिकासम्बन्धी ५० उजुरी, घरेलु हिंसाका पनि ५० घटना

कार्तिक महिनामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी ५० वटा उजुरी परेको प्रहरीको तथ्यांकले देखाएको छ । पीडितमध्ये १८ वर्षमुनिका १३ जना, १९ देखि २५ वर्ष उमेर समूहका २७ जना र ६० वर्षमाथिका तीन जना रहेको विवरणमा उल्लेख छ ।

त्यसैगरी घरेलु हिंसासम्बन्धी ५० वटा उजुरी प्रहरीमा परेका छन् । तीमध्ये जनकपुरधाम उपमहानगरपालिकामा २०, नगरपालिकामा २२ र गाउँपालिकामा आठवटा उजुरी दर्ता भएका छन् । प्रहरीले सबै ५० वटा उजुरीमा मिलापत्र भएको जनाएको छ ।

घरेलु हिंसाका घटना घरभित्रै सीमित रहने, पीडितले सामाजिक दबाब र पारिवारिक प्रतिष्ठाका कारण खुलेर उजुरी गर्न नसक्ने अवस्था अझै चुनौतीका रूपमा रहेको छ ।

प्रहरी प्रवक्ता खनालका अनुसार महिला तथा बालबालिकाविरुद्ध हुने हिंसा न्यूनीकरणका लागि प्रहरी एक्लैले मात्रै सम्भव नहुने भएकाले स्थानीय तह, विद्यालय, नागरिक समाज र समुदायसँग सहकार्य गरेर सचेतनामूलक कार्यक्रम सञ्चालन गरिँदै आएको छ ।

बाँकी पृष्ठ ३ मा

स्वास्थ्य सेवा प्रवाहमा सुधार ल्याउन स्वास्थमन्त्री मेहताद्वारा अनुगमन

खबर दर्पण समाचारदाता
मंसीर २ गते, बर्दिवास

सङ्घीय सरकारका स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले मङ्गलबार जनकपुरमा मधेश प्रदेश सरकारद्वारा सञ्चालित विभिन्न स्वास्थ्य निकायको अवलोकन गर्नुभएको छ । उहाँले जनकपुरस्थित प्रादेशिक अस्पताल, रक्तसञ्चार सेवा केन्द्र र औषधि आपूर्ति कार्यालयको अवलोकन गर्नुभएको हो ।

अवलोकनपछि सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री मेहताले स्वास्थ्य क्षेत्रको सेवा प्रवाहमा सुधार ल्याउन अवलोकन गरिएको बताउनुभयो । प्रादेशिक अस्पतालमा सेवा प्रवाह र सरसफाइमा कमीकमजोरी देखिएको अस्पताल प्रशासनसँग यस विषयमा छलफल भएको जानकारी भयो । मन्त्री मेहताले अस्पतालको सेवा सुधारका लागि सङ्घीय सरकारका तर्फबाट आवश्यक समन्वय र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै अस्पताल व्यवस्थापनले पनि आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने जानकारी दिनुभयो ।

यसैगरी, अस्पतालको सघन उपचार कक्ष (आईसीयू) र भेन्टिलेटर सेवा विस्तारको तयारी भइरहेको बताउनुभयो । उहाँका अनुसार हाल अस्पतालमा १० वटा आईसीयू शैय्या सञ्चालनमा छन् भने थप २० वटा शैय्या विस्तार गर्ने तयारी भइरहेको छ । सेवा विस्तार भएपछि गम्भीर प्रकृतिका बिरामीको उपचारमा सहज हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

अस्पतालमा उपचारका क्रममा स्वास्थ्यकर्मीमाथि हुने हातपात तथा दुर्व्यवहारका घटनाबारे उठेको प्रश्नमा मन्त्री मेहताले स्वास्थ्यकर्मीको सुरक्षाका लागि कानुनमा सुधार गर्न प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो । स्वास्थ्यकर्मीको सुरक्षासम्बन्धी ऐन निर्माणको विषय सदनसम्म पुगिसकेको उल्लेख गर्दै उहाँले कानुन निर्माण भएपछि स्वास्थ्यकर्मीमाथि हुने दुर्व्यवहार रोकिने बताउनुभयो ।



प्रादेशिक अस्पताल जनकपुरका निर्देशक जामुनप्रसाद सिंहले मन्त्री मेहताले प्रादेशिक अस्पतालको आकस्मिक कक्ष, प्रसूति कक्ष र प्रयोगशालाको अवलोकन गर्नुभएको बताउनुभयो । उहाँले अस्पतालमा मिर्गौला प्रत्यारोपण केन्द्र सञ्चालन गर्ने विषयमा समेत छलफल भएको बताउँदै अस्पताल परिसरभित्र इन्डोर भवन निर्माणका लागि प्रस्ताव गरिएको जानकारी दिनुभयो । अवलोकनका क्रममा मन्त्री मेहतासँगै धनुषा निर्वाचन क्षेत्र नं. ४ का प्रतिनिधि सभा सदस्य राजकिशोर महतोको समेत सहभागिता रहेको थियो ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोश्रो पटक प्रकाशित मिति : २०८३।०८।०३

यस कम्पनीको विशेष साधारण समितिको निर्णय बमोजिम तथा कम्पनी रजिष्टारको कार्यालयबाट मिति २०८३ ।०६।०१ मा समेत स्वीकृति प्राप्त भई सावित कम्पनी माइग्रेसन एइड प्रा. लि. प्राली न. (३५४४८१) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिनबाट व्यहोर्नु पर्ने ऋण, धन, कर दायित्व आदि परिवर्तित नामको सिभिकन एडभाइजरी ग्रुप प्रा.ली. अंग्रेजीमा Civicon Advisory Group Pvt. Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचना व्दारा जानकारी गराइन्छ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७३।०५।१२ मा दर्ता भएको प्रा.लि.नं.१५४७०८ भएको शिव शंकर काष्ठ उद्योग (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८३।०७।११ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १३६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

बाल अधिकारको संरक्षण गरौं

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं।

सोनमा गाउँपालिका, महोत्तरी

नागरिकमैत्रीः सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

मटिहानी नगरपालिका, महोत्तरी

☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

जनकपुर

धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	५२५८००
जनपा वारुण यन्त्र	५२००११
एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
एम्बुलेन्स (मारवाडी सेवा समिति)	–५२२७६२, ५२१७८४
एम्बुलेन्स (जानकी मेडिकल कलेज)	–५२६०९०, ५२६०९१
महाविर युवा कमिटी ऐंबुलेंस्	२५९८०
कृष्णा नर्सिंग होम	५२१९१८
जनकपुर मेडिकल सेन्टर	५२०७१४
जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर	५२३३२८
जनकपुर रेल्वे	५२०२११
आँखा अस्पताल	५२०३९७
जनकपुर सुरक्षा गुल्म	५२०१८६/५२६५८६
प्रहरी	५२००९९
एम्बुलेन्स रेडक्रस	१०२
जनकपुर अञ्चल अस्पताल	५२००३३
बछ्यौर प्रसुति सेवा केन्द्र	५२२४५७
विद्युत फ्युज शाखा	५२०१५१
बुद्ध एयर	५२५०२२
गोर्खा एयर	५२१२९४
सीता एयर	५२५९९०
जानकी केबल टिभी नेटवर्क	५२३७२८

वर्दिवास

बर्दिवास अस्पताल	५५००९०
ट्राफीक प्रहरी	५५००५५
छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला खानेपानि (गौरी डाडाँ)	५५०००५
ढल्केवर (नो लाईट)	०४१-५६००६८
सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
बर्दिवास नगरपालिका	५५००३१
खानेपानि कार्यालय	५५०११०
प्रहरी	५२०१९९
प्रहरी	५२००९९
बर्दिवास दुरसञ्चार	५५००००
पारिजात स्मृति अस्पताल	५५०३७२
नेपाल परिवार नियोजन संघ	५५०१०७
इलाका प्रहरी कार्यलय वर्दिवास	५५०००६
खानेपानी बर्दिवास	५५०१४३
रेडक्रस एम्बुलेन्स	५२०१००
मेरी स्टोप्स सेन्टर	५५०१२६
शुभ स्वस्तिक हस्पिटल	५५०२५५
जनसेवा हस्पिटल	५५०४०६
बर्दिवास आँखा अस्पताल	५५०४७७
इलाका प्रशासन कार्यालय वर्दिवास	५५०६६८
IRDS समाज सहकारी अस्पताल	५५०४०१

ढल्केवर

खानेपानी	९८२४८०५९५०
इलाका प्रहरी कार्यालय	०४१-५६०१००
प्रहरी	५२००९९
विद्युत फ्युज शाखा	०४१-५६०१६८
एम्बुलेन्स	९८०४८६७५५४
एम्बुलेन्स	९८१५८३२०३२
ओम शान्ति पोलिक्लिनिक	०४१-५६०१५२

जलेश्वर

अस्पताल	५२००७०
प्रहरी	५२०००९
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०९
एम्बुलेन्स	५२०१००
विद्युत्	५२००६६
विद्युत्	५२०११६

महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०
एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६
इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

धनुषामा कार्तिक महिनामा.....

हराएका ६७ मध्ये ३४ जना फेला

कार्तिक महिनामा महिला, पुरुष, बालबालिका तथा ज्येष्ठ नागरिक गरी ६७ जना हराएको विवरण प्रहरीमा आएको छ । तीमध्ये ३४ जना फेला परेको प्रहरीले जनाएको छ ।

हराउनेमा १५ महिला, नौ पुरुष, चार बालक, तीन बालिका र एक ज्येष्ठ नागरिक रहेका छन् । फेला पर्नेमा १० महिला, नौ पुरुष, तीन बालक, ११ बालिका र एक ज्येष्ठ नागरिक रहेको विवरणमा उल्लेख छ ।

हराएका व्यक्तिको खोजतलास तथा उद्धारलाई प्रभावकारी बनाउन प्रहरी परिचालन र सम्बन्धित परिवारसँग समन्वय गरिँदै आएको प्रहरीले जनाएको छ ।

५६७ उजुरीमध्ये ३२८ फछ्यौंट

प्रहरी कार्यालयमा परेका ठाडो उजुरीमध्ये कार्तिक महिनामा कुल ५६७ वटा उजुरी दर्ता भएका छन् । तीमध्ये ३२८ वटा उजुरी फछ्यौंट भएका छन् भने २३९ वटा फछ्यौंट हुन बाँकी छन् ।

प्रत्यक्ष रूपमा प्रहरी कार्यालयमा ५६० वटा उजुरी परेका थिए । तीमध्ये ३२४ वटा फछ्यौंट भएका छन् भने २३६ वटा बाँकी रहेका छन् । जिल्ला प्रशासन कार्यालयमार्फत प्रहरीमा आएका सातवटा उजुरीमध्ये चारवटा फछ्यौंट भएका छन् भने तीनवटा बाँकी छन् ।

प्रहरीका अनुसार नागरिकका गुनासा तथा विवादलाई समयमै सम्बोधन गर्ने उद्देश्यले उजुरी व्यवस्थापन र सुनुवाइ प्रक्रियालाई प्रभावकारी बनाउने प्रयास भइरहेको छ ।

९३ सवारी दुर्घटना, चार जनाको मृत्यु, १८५ घाइते

कार्तिक महिनामा धनुषामा ९३ वटा सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा चार जनाको मृत्यु भएको छ भने १८५ जना घाइते भएका छन् । दुर्घटनामा १४४ वटा सवारीसाधन संलग्न रहेको विवरणमा उल्लेख छ ।

ट्राफिक नियम उल्लंघन गर्ने ४४२ वटा सवारीसाधनलाई कार बाही गरिएको छ । त्यसबाट चार लाख ६१ हजार ५०० रुपैयाँ राजस्व संकलन भएको प्रहरीले जनाएको छ ।

दुर्घटनाको कारण विश्लेषण गर्दा चालकको लापरवाही प्रमुख कारणका रूपमा देखिएको छ । प्रहरीको तथ्यांकमा चालकको कारण ६०, यात्रु वा सवार व्यक्तिको कारण आठ, पैदलयात्रीको कारण एक र सडकको अवस्थासँग सम्बन्धित २४ वटा दुर्घटना उल्लेख छन् ।

सडक दुर्घटना न्यूनीकरणका लागि ट्राफिक चेकजाँच, सवारीसाधनको निगरानी, चालकलाई सचेतना तथा विद्यालय केन्द्रित ट्राफिक शिक्षा कार्यक्रम सञ्चालन गरिएको प्रहरी प्रवक्ता खनालले बताए ।

लागूऔषध नियन्त्रणमा प्रहरीको सक्रियता

लागूऔषध नियन्त्रणतर्फको प्रगति विवरणमा गाँजा आठ किलो २४९ ग्राम, ब्राउन सुगर १८ ग्राम २६ मिलिग्राम, नाइट्राजेपाम समूहका ११ पत्ता तथा अन्य लागूऔषधसमेत बरामद भएको उल्लेख छ ।

त्यस्तै, चरेस १४ वटा पिस, अफिम ६ वटा पिस, अन्य औषधिजन्य लागूऔषधका १० पिस र इन्जेक्सनजन्य लागूऔषधसम्बन्धी दुई बोतल बरामद भएको विवरणमा उल्लेख छ ।

लागूऔषधको कारोबार तथा प्रयोगले युवा पुस्ताको भविष्य, पारिवारिक सम्बन्ध र सामाजिक सुरक्षामा गम्भीर असर पार्ने भएकाले यसको नियन्त्रणलाई प्रहरीले प्राथमिकतामा राखेको जनाएको छ ।

प्रहरी नायब उपरीक्षक खनालले लागूऔषधको कारोबारमा संलग्न व्यक्ति तथा सञ्जालको पहिचान गरी अनुसन्धान गर्ने र युवालाई कुलतबाट जोगाउन विद्यालय तथा समुदायमा सचेतना फैलाउने कार्यलाई निरन्तरता दिइने बताए ।

अवैध भन्सार छलीका सामान ६ लाखभन्दा बढीको बरामद

भारतसँग खुला सीमा जोडिएको धनुषामा अवैध आयात तथा भन्सार छली नियन्त्रणका लागि पनि प्रहरीले निगरानी बढाएको छ ।

कार्तिक महिनामा भन्सार छली तथा राजस्व चुहावटको क्रममा बरामद गरिएका सामानको अनुमानित मूल्य ६ लाख ६ हजार ९३० रुपैयाँ रहेको प्रहरीको विवरणमा उल्लेख छ ।

सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबार नियन्त्रणका लागि भारतीय समकक्षी सुरक्षा निकायसँग समन्वय गर्ने, नियमित गस्ती गर्ने र शंकास्पद गतिविधिमाथि निगरानी राख्ने कार्य भइरहेको प्रहरीले जनाएको छ ।

विपद्का १४ घटनामा चार जनाको मृत्यु

कार्तिक महिनामा जिल्लामा विभिन्न प्रकृतिका १४ वटा विपद्जन्य घटना भएका छन् । ती घटनामा चार जनाको मृत्यु भएको र चार जना घाइते भएको विवरणमा उल्लेख छ ।

विपद्का घटनामा २११ जना प्रहरी परिचालित भएका थिए । प्रहरीले १८ जना प्रभावित व्यक्तिको उद्धार गरेको विवरण सार्वजनिक गरेको छ । विपद्बाट भएको भौतिक क्षतिको अनुमानित मूल्य १४ लाख २५ हजार रुपैयाँ रहेको उल्लेख छ ।

आगलागी, पानीमा डुब्ने घटना तथा अन्य विपद्जन्य जोखिमबाट हुने मानवीय क्षति न्यूनीकरणका लागि पूर्वतयारी र उद्धार कार्यलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता प्रहरीले औंल्याएको छ ।

८१ सामुदायिक कार्यक्रमबाट १ हजार ९५५ जना लाभान्वित समुदाय तथा विद्यालय केन्द्रित कार्यक्रमतर्फ धनुषा प्रहरीले कार्तिक महिनामा ८१ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ । ती कार्यक्रमबाट एक हजार ९५५ जना लाभान्वित भएका छन् । कार्यक्रम सञ्चालनमा २४२ जना प्रहरी जनशक्ति परिचालित भएको विवरणमा उल्लेख छ ।

लागूऔषध, आत्महत्या, महिला हिंसा, बालविवाह, जातीय भेदभाव तथा छुवाछुत, साइबर अपराध र ट्राफिक सचेतनालगायत विषयमा कार्यक्रम सञ्चालन गरिएको थियो ।

प्रहरीले ११ वटा साइबर अपराधसम्बन्धी सचेतना कार्यक्रमबाट २५५ जना, आठवटा आत्महत्यासम्बन्धी कार्यक्रमबाट २०५ जना, तीनवटा महिला हिंसासम्बन्धी कार्यक्रमबाट ६५ जना तथा ट्राफिक सचेतनाका ६ वटा कार्यक्रमबाट १५० जनालाई लाभान्वित गराएको छ ।

त्यसैगरी बालविवाहविरुद्ध तीनवटा कार्यक्रमबाट ६५ जना र जातीय भेदभाव तथा छुवाछुतविरुद्धका कार्यक्रमबाट १४० जना लाभान्वित भएका छन् । अन्य विषयमा ४४ वटा कार्यक्रम सञ्चालन गरी एक हजार ७५ जनालाई सहभागी गराइएको छ ।

दैनिक गस्तीमा २४ हजारभन्दा बढी प्रहरी परिचालन

शान्तिसुरक्षा व्यवस्थापनका लागि धनुषा प्रहरीले नियमित मोबाइल, पैदल तथा ग्रामीण गस्ती, चेकिङ र पिकेटिङलाई तीव्रता दिएको छ ।

प्रगति विवरणमा नियमित प्रहरी परिचालनअन्तर्गत ७ हजार ९२७ पटक विभिन्न प्रकृतिका गस्ती तथा चेकजाँच गरिएको र २४ हजार ३४० प्रहरी जनशक्ति परिचालन भएको उल्लेख छ ।

प्रहरीले दैनिक गस्ती, नियमित चेकजाँच, सीमावर्ती क्षेत्रमा भारतीय समकक्षीसँग समन्वय तथा अपराध न्यूनीकरणका लागि क्राइम प्याटर्न विश्लेषण गरी योजनाबद्ध रूपमा प्रहरी परिचालन गर्ने कार्यलाई प्राथमिकता दिएको जनाएको छ ।

१५ हजारभन्दा बढी सेवाग्राहीलाई प्रहरी सेवा

नागरिक सहायता कक्ष तथा प्रहरी कार्यालयमार्फत कार्तिक महिनामा १५ हजार १७१ जना सेवाग्राहीले सेवा लिएको विवरण सार्वजनिक गरिएको छ ।

त्यस्तै प्रहरीको हटलाइन नम्बरमा चार हजार ३३६ र डायल १०० मा पाँच हजार ७३५ वटा कल आएको उल्लेख छ । नागरिकता तथा अन्य कागजातसम्बन्धी मुचुल्का निर्माणका लागि १९७ वटा प्रक्रिया पूरा गरिएको छ ।

प्रहरी कर्मचारीको मनोबल वृद्धि गर्न उत्कृष्ट प्रहरी घोषणा, पुरस्कार वितरण तथा आवश्यकताअनुसार बिदा व्यवस्थापन गरिएको पनि प्रतिवेदनमा उल्लेख छ । पीडितसँग पुनः भेटघाट गर्ने कार्यक्रमलाई समेत नवप्रवर्तनात्मक गतिविधिका रूपमा अघि बढाइएको छ ।

अपराध नियन्त्रणसँगै नागरिकमैत्री प्रहरी सेवा आवश्यक : खनाल

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक खनालले अपराध नियन्त्रण र अनुसन्धानसँगै नागरिकलाई सहज, छिटो र प्रभावकारी सेवा उपलब्ध गराउनु प्रहरीको प्रमुख दायित्व भएको बताएका छन् ।

उनका अनुसार अपराध हुन नदिन नियमित गस्ती, निगरानी र चेकजाँचसँगै समुदाय तथा विद्यालय केन्द्रित सचेतनामूलक कार्यक्रमलाई पनि प्राथमिकता दिइएको छ ।

समाजमा देखिने लागूऔषध दुर्व्यसन, महिला हिंसा, घरेलु हिंसा, साइबर अपराध, बालविवाह र आत्महत्याजस्ता समस्याको न्यूनीकरणका लागि समुदायको सक्रिय सहभागिता आवश्यक रहेको उनको भनाइ छ ।

खनालले प्रहरी र नागरिकबीच विश्वास तथा सहकार्यको वातावरण बलियो बनाउन सके अपराध नियन्त्रण र शान्तिसुरक्षा कायम गर्न थप सहयोग पुग्ने उल्लेख गर्दै नागरिकलाई कुनै पनि आपराधिक गतिविधि वा शंकास्पद घटनाबारे नजिकको प्रहरी कार्यालय वा प्रहरीको हटलाइनमा जानकारी गराउन आग्रह गरेका छन् ।

इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं

सम्सी गाउँपालिका, महोत्तरी

बाढी/पहिरोबाट सचेत होऔं

बाढी/पहिरो आउनुअघिः

- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

बाढी/पहिरो आएमाः

- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

पिपरा गाउँपालिका, महोत्तरी

विषाक्त च्याउ नखाऔंः सुरक्षित बनौं

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

बिषाल च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

जलेश्वर नगरपालिका, महोत्तरी

पार्टीको नेतृत्व युवालाई दिनुपर्छ : नेतृ ओली

खबर दर्पण समाचारदाता

मंसीर २ गते, बर्दिवास



राष्ट्रिय प्रजातन्त्र पार्टीकी नेतृ खुश्बु ओलीले पार्टीको नेतृत्व युवा पुस्तालाई दिनुपर्ने बताउनुभएको छ । पार्टीको राष्ट्रिय महाधिवेशनको तयारीको क्रममा बुधबार जनकपुर आउनुभएकी उहाँले पार्टीका आगामी महाधिवेशनबाट युवा पुस्तालाई नेतृत्वमा अगाडि बढाउनुपर्ने बताउनुभयो ।

प्रतिनिधिसभा सदस्य तथा पार्टीको प्रमुख सचेतक रहनुभएकी ओलीले पार्टीका पूर्व अध्यक्ष कमल थापाले लामो समय नेतृत्व गरिसकेको र त्यसपछि राजेन्द्र लिङ्देनले नेतृत्व सम्हाल्नुभएको उल्लेख गर्दै अब पार्टीमा युवापुस्तालाई अवसर दिनुपर्ने धारणा राख्नुभयो ।

पार्टीमा लोकतान्त्रिक अभ्यास रहेकाले नेतृत्वका लागि इच्छुक सबैले प्रतिस्पर्धा गर्न पाउने भए पनि वर्तमान राजनीतिक परिस्थिति र समयको मागलाई बुझेर अग्रज नेताले युवा पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नुपर्ने उहाँको भनाइ छ ।

ओलीले आफू पनि पार्टीको आगामी महाधिवेशनमा पदाधिकारी तहमा उम्मेदवारी दिने तयारीमा रहेको बताउँदै कुन पदमा उम्मेदवारी दिने भन्ने विषयमा भने पार्टीभित्र छलफल र परामर्शपछि टुङ्गो लगाउने जानकारी दिनुभयो ।

शिशुको मृत्यु भएपछि अस्पतालमा तनाव

खबर दर्पण समाचारदाता

मंसीर २ गते, बर्दिवास

उपचारका क्रममा १५ दिने नवजात शिशुको मृत्यु भएपछि वीरगञ्जमा रहेको नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल तनावग्रस्त बनेको छ ।

शिशुको मृत्यु चिकित्सक तथा स्वास्थ्यकर्मीको लापरबाहीका कारण भएको आरोप लगाउँदै परिवारजनले दोषीमाथि कारबाहीको माग गर्दै प्रदर्शन गर्न थालेपछि अस्पताल तनावग्रस्त बनेको हो ।

बाराको कलैया उपमहानगरपालिका वडा नम्बर २२ मदिलवा टोलका शिशुको उपचारका क्रममा मृत्यु भएपछि आक्रोशित आफन्त तथा स्थानीयवासीले अस्पताल परिसरमा विरोध प्रदर्शन गरेका हुन् ।

जन्डिसको समस्या देखिएपछि कात्तिक २९ गते अस्पतालको सघन उपचार कक्ष (आईसीयू) मा उपचाररत शिशुलाई मंगलबार डिस्चार्जको प्रक्रिया चलिरहेका बेला सुई लगाए लगत्तै शिशु छटपटाउन थालेको र त्यसपछि मृत्यु भएको परिवारजनको आरोप छ ।

आक्रोशित आफन्तजनले अस्पताल प्रशासनसँग सीसीटीभी फुटेज सार्वजनिक गर्न र घटनाको निष्पक्ष छानबिन गर्न माग गरेका छन् । दोषीमाथि कारबाही नभएसम्म शव नबुझ्ने अडान लिएका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एंव सूचना अधिकारी प्रहरी नायव उपरीक्षक चक्रबहादुर मल्लले अस्पताल परिसरमा तनाव बढेपछि सम्भावित अप्रिय घटना हुन नदिन प्रहरी परिचालन गरिएको जानकारी दिनुभयो । दुवै पक्षबिच वार्ताको पहल भएको उहाँले बताउनुभयो ।

स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-विरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

शहरलाई सफा राखौः सुन्दर बनाऔं।

एकडारा गाउँपालिका, महोत्तरी

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

गौशाला नगरपालिका, महोत्तरी

कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलव्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

कृषि पेशा प्रति सम्मान र गौरव गरौं।

भंगहा नगरपालिका, महोत्तरी

जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं

बर्दिवास नगरपालिका, महोत्तरी

बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

लोहापट्टी नगरपालिका, महोत्तरी

सचेत उपभोक्ता बनौं

सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं

भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं

बलवा नगरपालिका, महोत्तरी

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२५८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२५०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,